
# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ९२ | काठमाडौं | सोमबार, ८ साउन २०८० | Prabhab National Daily | Monday, July 24, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# चिनियाँ नेताको दौडधुप तीव्र

## प्रधानमन्त्री दाहालसँग 'भर्चुअल' वार्ता



**शितलनिवासमा आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गर्दै चिनियाँ कम्युनिस्ट पार्टीका केन्द्रीय कमिटीका राजनीतिक ब्युरो सदस्य युआन च्या च्युनसहितको प्रतिनिधिमण्डल ।** *तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** चिनियाँ कम्युनिस्ट पार्टीका केन्द्रीय कमिटीका राजनीतिक ब्युरो सदस्य युआन च्या च्युन यतिखेर काठमाडौंमा छन् । श्रीलंकाबाट आइतबार सीधै काठमाडौं उत्रिएका च्युनले आफ्नो भेटलाई तीव्र पारेका छन् । उनको भ्रमणको चाँजोपाँजो मिलाउन चीनको नेपाल मामिलाका कूटनीतिज्ञ सरला शनिबार नै नेपाल आइपुगेकी थिइन् । च्युनलाई स्वागत गर्न माओवादी केन्द्रका महासचिव देव गुरुङ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए ।

पछिल्लो दिनहरूमा छिमेकी मुलुकका उच्चस्तरीय राजनीतिक भ्रमण जारी छ । अघिल्लो शुक्रबारमात्र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु काठमाडौं आइपुगेका थिए । लु काठमाडौं आएपछि भएको भेटवार्ता र उनको उद्देश्यबारे खासै मेलोमेसो कसैले पत्ता लगाउन सकेका छैनन् । अमेरिका र भारतका नेताहरू नेपाल आउन थालेपछि उत्तरको छिमेकबाट पनि राजनीतिक चासोका साथ भ्रमण भएको बताइएको छ । चिनियाँ विदेश विभाग प्रमुख लिउ जियनचाउले काठमाडौंमा 'सिल्क रोडस्टर' स्थापना गरेको हप्ता दिन नबित्दै अर्को उच्चस्तरीय टोलीको नेतृत्व गर्दै च्युन काठमाडौं आइपुगेका हुन् ।

### राष्ट्रपतिसँग शितलनिवासमा भेट

राष्ट्रपति रामचन्द्र पौडेलसँग च्युनले आइतबार दिउँसो भेटवार्ता गरेका हुन् । तीन दिने नेपाल भ्रमणमा आएका च्युनले राष्ट्रपति पौडेलसँग आइतबार राष्ट्रपति भवन शीतलनिवासमा भेटवार्ता गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

उक्त अवसरमा दुईपक्षीय हित तथा पारस्परिक सम्बन्ध मजबुत बनाउने विषयमा छलफल भएको राष्ट्रपतिका परराष्ट्रविज्ञ डा. सुरेश चालिसेले जानकारी दिए । भेटवार्तामा राष्ट्रपति पौडेलले ऐतिहासिककालदेखि नै नेपाल र चीन असल छिमेकी रहेको र यस प्रकारका उच्च तहको भ्रमणले दुई देशबीचको सम्बन्ध अझ सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरेका थिए ।

उक्त अवसरमा नेपालका लागि चिनियाँ राजदूत चेन सोङसहितको प्रतिनिधिमण्डलका सदस्यको उपस्थिति थियो भने परराष्ट्रविज्ञ चालिसे, राष्ट्रपति कार्यालय सचिव डिल्लीराज शर्मा, परराष्ट्र मन्त्रालयका सहसचिव लोकबहादुर थापालगायतको सहभागिता थियो ।

### प्रधानमन्त्री दाहालसँग भिडियो संवाद

प्रधानमन्त्री पुष्पकमल दाहाल शनिबारमात्र इटालीको रोम पुगेका छन् । रोम पुगेका दाहाललाई चिनियाँ नेता च्युनले 'भर्चुअल' संवाद गरेका छन् । प्रधानमन्त्रीको सचिवालयका (**बाँकी पृष्ठ ३ मा**)

# बजेटको लक्ष्यअनुकूल मौद्रिक नीति

● अर्थतन्त्रलाई चलायमान बनाउने अपेक्षा ● निजी क्षेत्रको मिश्रित प्रतिक्रिया

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** चालु आर्थिक वर्षको बजेटले तय गरेको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी नयाँ मौद्रिक नीति आएको छ । नेपाल राष्ट्र बैंकले आइतबार चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति सार्वजनिक गरेको हो । नयाँ मौद्रिक नीति अर्थतन्त्रलाई चलायमान बनाउनेगरी लचिलो र उदार बनाइएको पाइएको छ ।

यसले अर्थमन्त्री डा. प्रकाशशरण महतले गरेको अपेक्षालाई केही हदसम्म सम्बोधन गरेको देखिन्छ । अर्थमन्त्री महतले अर्थतन्त्रलाई चलायमान बनाउन लचिलो मौद्रिक नीति ल्याउनुपर्ने बताउँदै आएका थिए । निजी क्षेत्रका अधिकांश मागलाई पनि नयाँ मौद्रिक नीतिले सम्बोधन गरेको पाइएको छ । यद्यपि, बैंकिङ क्षेत्रलाई भने केही अन्योलमा पारेको बैंकरहरूको प्रारम्भिक प्रतिक्रिया छ ।

चालु आवको मौद्रिक नीतिले मुद्रास्फीति (मूल्यवृद्धि)लाई ६.५ प्रतिशतमा सीमित राख्न मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गर्ने लक्ष्य राखेको छ । सरकारको चालु आवको वार्षिक बजेट वक्तव्यले लक्षित गरेबमोजिम छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने प्राथमिकता केन्द्रीय बैंकले तय गरेको छ ।

आवासीय कर्जाको सीमा तथा डलर सटही सुविधाको सीमा बढाउने, नीतिगत दर तथा निक्षेप संकलन बोलकबोल दर घटाइ नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत् राख्नेलगायतका व्यवस्था चालु आर्थिक वर्षको मौद्रिक नीतिमा राखिएका छन् ।




### मौद्रिक नीतिका मुख्य विशेषता

- मूल्यवृद्धि ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य
- ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने
- आवासीय घर कर्जाको सीमा एक करोड ५० लाखलाई वृद्धि गरी दुई करोड पुऱ्याइने
- अमेरिकी डलर सटही सुविधा १५ सयबाट बढाएर २५ सयसम्म उपलब्ध गराइने
- सेयर धितो, सवारी साधन र घरजग्गासम्बन्धी कर्जामा रहेको विद्यमान जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गरिने
- अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत् राखी नीतिगत दरलाई ५० आधार बिन्दुले घटाई ६.५ प्रतिशत कायम
- बैंकदरलाई ७.५ प्रतिशतमा यथावत् राखी निक्षेप संकलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम
- बैंकिङ कसूर ऐन, २०६४ मा समसामयिक संशोधन
- बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षणका लागि छुट्टै विशिष्टीकृत नियामक निकाय स्थापना
- लघुवित्त वित्तीय संस्थाहरूको मर्जर र प्राप्तिलाई प्रोत्साहन गरिने

### 'सेयर धितो कर्जाको जोखिम भारबारे हामी स्पष्ट छौं'

(**पृष्ठ ८ मा**)

त्यस्तै, नीतिगत व्यवस्थातर्फ चालु कर्जा मार्गदर्शन संशोधन गर्ने, सेयर, घरजग्गा तथा सवारी कर्जाको जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने, बैंकिङ कसूर ऐन, २०६४ संशोधन गर्ने, आन्तरिक कर्जा जोखिम वर्गीकरण गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेलगायतका व्यवस्था मौद्रिक नीतिमा राखिएका छन् ।

ठूला कर्जाहरूको अनुगमन, नियमन तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउने, कर्जाको अधिकेन्द्रीकरण कम गर्दै लैजाने, साना तथा मझौला उत्पादनशील कर्जालाई प्राथमिकता दिने र कर्जाको गुणस्तर तथा पहुँच अभिवृद्धि गरी वित्तीय स्थायित्व प्रवर्द्धन गर्नेतर्फ (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## मौद्रिक नीतिको प्रक्षेपण

# विप्रेषण आप्रवाह वृद्धिदर सामान्य रहने

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारीमा गएका नेपालीहरूले बैंक तथा वित्तीय संस्थामा खाता खोली विप्रेषण (रेमिटचान्स) पठाए थप एक प्रतिशत ब्याज दिने व्यवस्थालाई निरन्तरता दिने भएको छ । राष्ट्र बैंकले आइतबार चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति सार्वजनिक गर्दै अघिल्लो वर्षदेखि कार्यान्वयनमा ल्याइएको उक्त व्यवस्थालाई चालु आवमा पनि निरन्तरता दिने जनाएको हो । वैधानिक माध्यमबाट रकम पठाउन प्रोत्साहित गर्न राष्ट्र बैंकले रेमिटचान्स पठाउने व्यक्तिलाई थप एक प्रतिशत ब्याज दिने व्यवस्था गरेको थियो ।

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सार्वजनिक गरेको मौद्रिक नीतिमा नयाँ र बढी आय हुने श्रम गन्तव्य मुलुकहरूमा वैदेशिक रोजगारीमा जाने प्रवृत्तिका कारण रेमिटचान्स बढेको उल्लेख छ । राष्ट्र बैंकले बढी आय हुने मुलुकबाट रेमिटचान्समा गरिएको प्रोत्साहनले आर्थिक वर्ष २०७९/८० मा रेमिटचान्समा भएको वृद्धिलाई सन्तोषजनक मानेको छ । आर्थिक वर्ष २०७९/८० को ११ महिनासम्ममा अघिल्लो आबको सोही अवधिको तुलनामा रेमिटचान्स आप्रवाह नेपाली रूपैयाँमा २२.७ प्रतिशत र अमेरिकी डलरमा १३.० प्रतिशतले वृद्धि भएको उल्लेख गरिएको छ ।

कोभिड-१९ को असर कम भएसँगै वैदेशिक रोजगारीमा गएका नेपालीको संख्या उल्लेख्य रहेता पनि आर्थिक वर्ष २०७९/८० मा उच्चस्तरमा विप्रेषण आप्रवाह भएका आधारमा आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण आप्रवाहको वृद्धिदर सामान्य रहने मौद्रिक नीतिले प्रक्षेपण गरेको छ । अमेरिकी डलरसँग नेपाली मुद्रा कमजोर भइरहनुले




पनि रेमिटचान्समा केही प्रभाव पर्न सक्ने राष्ट्र बैंकले औंल्याएको छ । राष्ट्र बैंकले लामो व्याख्या नगरी वैदेशिक रोजगारीमा गएका नेपालीबाट प्राप्त रेमिटचान्सबाट खोलिएको खातामार्फत बैंक तथा वित्तीय संस्थाले २०८० वैशाख मसान्तसम्ममा ८८ अर्ब रूपैयाँ निक्षेप परिचालन गरेको जनाएको छ । जसमा दीर्घकालीन बचतका हिसावले मुद्दती निक्षेपको अंश ८६.४ प्रतिशत रहेको उल्लेख गरिएको छ ।

राष्ट्र बैंकले रेमिटचान्स आप्रवाहको दायरालाई फराकिलो पार्नेगरी मौद्रिक नीति तय गरेको देखिएको छ । जसमा रेमिटचान्ससम्बन्धी विद्यमान व्यवस्थालाई पुनरावलोकन गर्ने नीतिलाई निरन्तरता दिइएको छ । राष्ट्र बैंकले लिएको नीतिअनुसार नेपाली नागरिकमात्र नभई विदेशी नागरिक र विदेशस्थित संघसंस्थाबाट समेत नेपालमा रेमिटचान्स पठाउँदा सहजरूपमा प्राप्त गर्न सकिने छ । यस्तै औपचारिक माध्यमबाट स्वदेशमा रेमिटचान्स पठाउने नेपालीलाई प्रमाणका आधारमा वैदेशिक रोजगारीबाट फर्किएपछि विभिन्न सेवा तथा सुविधा उपलब्ध हुने व्यवस्थाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने नीतिलाई पनि निरन्तरता दिएको छ ।

त्यस्तै मौद्रिक नीतिमार्फत अघिल्लो वर्ष बैंकिङ भुक्तानी उपकरणमा विद्यमान विभिन्न विद्युतीय तथा डिजिटल कार्डवाहकले विदेशी बैंकबाट जारी यस्तै कार्डबाट नेपाली बैंक तथा वित्तीय संस्थाले जारी गरेको कार्डमा (कार्ड टु कार्ड) रेमिटचान्स प्राप्त गर्न सक्ने नीतिगत व्यवस्था हुने जनाए पनि यसपटक राष्ट्र बैंक मौन छ ।

## युएईस्थित नेपाली दूतावासको कार्यसम्पादन

**काठमाडौं (प्रस)-** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले आर्थिक वर्ष २०७९/०८० मा १२ करोड ८० लाख रूपैयाँ बिमा तथा क्षतिपूर्ति भुक्तानी गरेको जनाएको छ । दूतावसले एक वर्षमा भएका प्रमुख सेवा तथा खर्चको तथ्यांकीय विवरण सार्वजनिक गर्दै उल्लिखित रकम खर्च भएको जनाएको छ ।

रोजगारीका क्रममा मृत्यु भएका, गम्भीर दुर्घटना वा बिरामी भएका वा अन्य कारणले जिम्मेवारी वहन गर्नुपर्ने श्रमिक तथा तिनका परिवारलाई बिमा र क्षतिपूर्तिबापत रकम भुक्तानी भएको दूतावासले जनाएको छ । सेवाका सम्बन्धमा एक वर्षमा २३ हजार ८७६ जनाको पासपोर्ट आवेदन संकलन गरिएको र २१ हजार ७४६ जनालाई पासपोर्ट बनाई वितरण गरिएको दूतवासको वार्षिक कार्यसम्पादन तथ्यांकमा उल्लेख गरिएको छ ।

यस्तै एक वर्षमा ९०१ जनालाई भिसा जारी गरेको छ भने एक हजार ३३७ जनाको ट्राभल डकुमेन्ट बनाइएको छ । त्यसैगरी एक हजार ८३७ जनाको कागजात र तीन हजार १८ वटा व्यक्तिगत मागपत्र प्रमाणीकरण भएको उल्लेख छ । साथै, संस्थागत रूपमा एक हजार ३४४ मागपत्र प्रमाणीकरण भएको दूतावासले जनाएको छ । वर्षभरिमा ९९९ वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको १६७ वटा शव व्यवस्थापन गरेको जनाएको छ । यस्तै विभिन्न माध्यमबाट आएका पाँच हजार ७०७ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गरेको छ ।




## बजेटको लक्ष्यअनुकूल...

पृष्ठ १ बाट जारी

मौद्रिक नीति केन्द्रित रहेको राष्ट्र बैंकले जनाएको छ।

नयाँ मौद्रिक नीतिबाट राष्ट्र बैंकले नीतिगत दर घटाएको छ भने बैंक तथा वित्तीय संस्थाको अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत् राखेको छ। त्यस्तै, बैंकदर यथावत् राखिएको छ भने निक्षेप संकलनको बोलकबोल दरलाई घटाइएको छ।

'आन्तरिक तथा बाह्य आर्थिक परिदृश्यलाई दृष्टिगत गरी नीतिगत दरलाई ५० आधार बिन्दुले घटाइ ६.५ प्रतिशत कायम गरिएको छ,' मौद्रिक नीतिमा भनिएको छ, 'बैंकदरलाई साढे सात प्रतिशतमा यथावत् राखी निक्षेप संकलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम गरिएको छ।'

राष्ट्र बैंकले सञ्चालन लक्ष्यका रूपमा लिने भारित औसत अन्तरबैंक ब्याजदर बैंक दरभन्दा उच्च र निक्षेप संकलन दरभन्दा न्यून भएमा दोस्रो बजार कारोबार र निक्षेप संकलन बोलकबोल खुला गरिने जनाएको छ।

त्यस्तै, बैंक दरमा स्थायी तरलता सुविधा र नीतिगत दरमा ओभरनाइट तरलता सुविधा उपलब्ध हुने व्यवस्थालाई यथावत् राखिएको छ। ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन भन्दै राष्ट्र बैंकले ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप संकलन सुविधा उपलब्ध गराउने व्यवस्था गरिने जनाएको छ। बैंक तथा वित्तीय संस्थाको विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत् राखिएको छ।

### डलर सटही सुविधा बढ्यो

विदेश भ्रमणमा जाने नेपाली नागरिकले पाउने सटही सुविधा बढेको छ। मौद्रिक नीतिमा भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी सुविधाबापत एक वर्षमा दुई पटकसम्म अमेरिकी डलर दुई हजार ५०० सम्म सटही सुविधा उपलब्ध गराउने भएको हो। हाल त्यस्तो सुविधा अमेरिकी डलर एक हजार ५०० बराबरमात्रै थियो।

यसअघि वैदेशिक मुद्रा सञ्चितिमा चाप परेको भन्दै केन्द्रीय बैंकले न्यून मात्रामा मात्रै डलर सटही सुविधा पाउने व्यवस्था गरेको थियो। हवाई सेवा प्रदायकहरूलाई आवश्यक पर्ने विभिन्न सेवा शुल्कको भुक्तानी विदेशमा गर्दा नियामक निकायको स्वीकृतिमा वा तोकिएका कागजात समेतको आधारमा अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको रकम 'क' वर्गका वाणिज्य बैंकमार्फत पठाउन सकिने व्यवस्था गरिएको छ।

कोभिड-१९ को प्रकोप र प्रभाव न्यून हुँदै गएको हुँदा विदेशी मुद्रामा लिएको ऋण नेपाली रूपैयाँमा भुक्तानी गर्न सकिने विद्यमान व्यवस्था मौद्रिक नीतिले हटाइएको छ।

### आवासीय घर कर्जा दुई करोडसम्म पाइने

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत आवासीय घर कर्जाको सीमा बढाएर दुई करोड रूपैयाँ पुऱ्याएको छ। 'पहिलो आवासीय घर कर्जाको सीमा एक करोड ५० लाख रूपैयाँलाई वृद्धि गरी दुई करोड रूपैयाँ पुऱ्याइनेछ,' मौद्रिक नीतिमा उल्लेख छ। त्यस्तै, नेपालका बैंक तथा वित्तीय संस्थामा खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने व्यवस्थालाई राष्ट्र बैंकले चालु आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ।

चालु आर्थिक वर्षमा वित्तीय तथा मौद्रिक क्षेत्र सुधारका लागि विभिन्न कानुनी प्रक्रिया संशोधन तथा सुधारका नीति लिइने राष्ट्र बैंकको भनाइ छ। राष्ट्र बैंकको नियमन तथा सुपरीवेक्षणको काम चुस्त बनाउन विभिन्न नीति, ऐन, नियमावली तथा निर्देशिकामा संशोधन गरिने जनाइएको छ।

'वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुऱ्याउने गैरव्यावसायिक तथा उच्छृंखल गतिविधिलाई समेत नियन्त्रण गर्न सहयोग पुग्ने गरी विद्यमान बैंकिङ कसूर ऐन, २०६४ मा समसामयिक संशोधन प्रक्रिया अगाडि बढाइने छ,' चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भनिएको छ, 'पारस्परिक मूल्यांकनबाट प्राप्त सुझाव समेतका आधारमा सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित निर्देशनहरू जारी गरिनेछ। साथै, सम्बन्धित कानुनको समसामयिक परिमार्जन गर्न र राष्ट्रिय रणनीति तर्जुमा गर्न सहजीकरण गरिनेछ।'

निजी क्षेत्रले विरोध जनाइरहेको चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शन पनि संशोधन गर्ने राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत जनाएको छ। त्यस्तै, प्राकृतिक प्रकोप वा अन्य विशेष परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरूको कर्जा पुनर्संरचनालगायतका व्यवस्था गरेर पुनरुत्थान तथा अन्य व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्थाले अवलम्बन गर्नुपर्ने उपाय र प्रक्रियालाई समावेश गरी 'स्ट्रेस्ड लोन रिजोलुसन फ्रेमवर्क' जारी गरिने राष्ट्र बैंकको भनाइ छ।

### विद्युतीय भुक्तानीमा थप सहजीकरण

आर्थिक चलखेल रोक्नका लागि नेपाल राष्ट्र बैंकले विद्युतीय माध्यमबाट भुक्तानीका लागि थप सहजीकरण गर्ने भएको छ। जसबाट राजस्व संकलन थप व्यवस्थित गर्ने लक्ष्य लिइएको छ। चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भनिएको छ, 'सार्वजनिक सेवा प्रवाह हुने मुख्य कार्यालयहरूमा विद्युतीय भुक्तानीका उपकरणहरूको प्रयोग गरी राजस्व संकलन गर्ने कार्यका लागि सहजीकरण गरिनेछ।'

यसैगरी केन्द्रीय बैकले यसअघि नै विद्युतीय मुद्रा जारी गर्ने सम्बन्धमा गरेको अध्ययनका आधारमा थप कार्य अगाडि बढाउने भएको छ। सूचना प्रविधिलगायतका सेवा निर्यात गरे वापतको विदेशी मुद्रा विद्युतीय माध्यमबाट भित्र्याउने व्यवस्थालाई थप प्रभावकारी बनाइने चालु आवको मौद्रिक नीतिमा उल्लेख छ।

### सहकारीको नियमन गर्न विशिष्टीकृत निकाय

राष्ट्र बैंकले बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमनका लागि छुट्टै विशिष्टीकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण गर्ने भएको छ। सहकारी संस्थाका बेथिति लगातार सार्वजनिक भइरहेको तथा अनेकन असन्तुष्टि सार्वजनिक भइरहेको अवस्थालाई मध्यनजर गरेर केन्द्रीय बैंकले समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने भएको हो।

'आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको बजेटमा उल्लेख भएबमोजिम बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षणका लागि छुट्टै विशिष्टीकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ,' आइतबार सार्वजनिक चालु आवको मौद्रिक नीतिमा उल्लेख छ। सरकारले चालु आवको बजेटमा सहकारी संस्थाको बेथिति नियमन गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको छ।

### जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन

राष्ट्र बैंकले सेयर धितो, सवारी साधन र घरजग्गासम्बन्धी कर्जामा रहेको विद्यमान जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने जनाएको छ। केन्द्रीय बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत जोखिम भारसम्बन्धी नीति पुनरावलोकन गरिने उल्लेख गरेको हो। सेयर धितो कर्जामा उपलब्ध हुने २५ लाख रूपैयाँसम्मको कर्जाको जोखिम भार हाल १०० प्रतिशत छ। यस्तै, सोभन्दा माथिको कर्जाको जोखिम भार १५० प्रतिशतसम्म राख्नुपर्ने व्यवस्था छ।

उक्त व्यवस्थामा केही परिमार्जन हुने केन्द्रीय बैंकको पछिल्लो नीतिले संकेत गरेको छ। यससम्बन्धी थप व्यवस्था भने छिट्टै सार्वजनिक हुने निर्देशनमा समेटिनेछ। यसअघि सेयर धितो कर्जाको अधिकतम सीमा १२ करोड रूपैयाँ बराबर कायम गरिएको थियो।

मौद्रिक नीति तयारीका क्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल अफ चेम्बर अफ कमर्सले संयुक्तरूपमा व्यापारिक प्रयोजनका सवारीसाधन, सेयर कर्जा, घरजग्गालगायतमा लाग्दै आएको जोखिम भार १५० प्रतिशतलाई पुनरावलोकन गरी १०० प्रतिशतमात्र हुने व्यवस्था गर्न सुझाव दिएका थिए।

---

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/१५ गते काठमाडौं जिल्ला गोकर्णश्वर न. पा. वडा नं. ५ सडक किनारामा पार्कीङ गरि राखिएको २२० F पल्सर कालो/रातो रंगको मोटरसाइकल राती २२ : ०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

**धनीको नाम : राजु दोङ**
**बाइक नं.: बा प्र. ०२-०४० प ५५८४**
**च्यासिस नं.:** MD2A13EX5MCJ99439
**इन्जिन नं. : DKXCMJ33674**

## बीमालेख हरायो

मिति २०८०/०१/१२ गते सोह्रखुट्टे देखि क्षेत्रपाटी सम्म आउँदा मेरो लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) (LIC Nepal) बाट जारी बीमालेख (Policy) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ।

नाम: प्रशान्त रिमाल
बीमालेख नं.: ११००१९७३३
फोन नं.: ९८५५०२८७७१

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Sky Blue International Overseas Pvt.ltd.** इजाजत नम्बर १४६२/०७४/०७५ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| नाम थर | पद |
|---|---|
| गंगा खड्का | म्यानेजर |
| सजनी गुरुङ | असिस्टेन्ट म्यानेजर |
| इन्दिरा कार्की | रिसेप्सनिश्ट |
| देभ नारायण मेहेता | पि.आर.ओ |
| मदन खड्का क्षेत्री | इन्टरनेशनल मार्केटिङ अफिसर |
| मैनाज खान | डकुमेन्टेशन |
| कविता लामा तामाङ | अफिश असिस्टेन्ट |

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal, Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

**प्रथम पटक सुचना प्रकाशन मिति २०८०/०४/०८**

श्री कोटहीदेवी युवाप्रगति सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०७९/८० को C१S६ मा गरिएको पुनरुत्पादन कटान तथा सम्पुर्ण बनक्षेत्रबाट नियमित ढलापडा काठ/दाउरा सकंलन कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समुहको खोरिया स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात( अस्ना, कर्मा, धौटी, खयर, हर्रो, बर्रो आदी)को काठ थान १२३१ को परिमाण १०८६१.२७ क्यु फिट तथा साल जातको दाउरा १३.५० चट्टा र अन्य जातको दाउरा ३४ चट्टा दाउरा जम्मा ४७.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएकोछ। ईच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री कोटहीदेवी युवाप्रगति सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-२, खोरिया बाँक**

## श्री असोक सामुदायिक वन उपभोक्ता समूह

राप्ती सोनारी गा.पा.-२, बाँके

### मिश्रित दाउरा बाह्य लिलाम बिक्री सम्बन्धी सुचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०४/०८ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रका समूहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का. बाँकेको च.नं. ५२ मिति २०८०/०४/०७ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भई बाँकी रहेका साल बाहेकका अन्य नरम प्रजातीहरु धौटी, प्यारी कुम्भी, तेदु, बोट धाईरो र रोहीनी लगायतको मिश्रित दाउरा बाह्य लिलाम सहमति बमोजिम समूहको घाट गद्दीमा रहेका दाउरा १५.७५ चट्टा हाल जे-जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सुचिकृत भएका काठ व्यवसायिहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ७ औं दिनभित्र बोलपत्र खरिद गरी ८ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ। विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

## VACANCY ANNOUNCEMENT

Chinese Furniture making factory Huaxing Furniture Decoration (Pvt. Ltd.) is seeking for an experienced Chinese furniture craftmanship and designer.

**Workstation: Bhaktapur-1, Chundevi**

***Qualification/Experience:***

*- Basic Education with 2 Years' experience in Chinese furniture craftmanship and design.*
*- (Special Priority to the Nepalese Citizens)*

**SALARY IS NEGOTIABLE!!**

**Interested Candidates are requested to submit CV along with and legal documents within a week .**

**Huaxing Furniture Decoration (Pvt. Ltd.)**
Bhaktapur, Chundevi, Phone No. 01-6620125
Email : huaxingfurniture2018@gmail.com

## ARANIKO OVERSEAS PVT. LTD. को सार्वजनिक सूचना

वैदेशिक रोजगार सञ्चालन गर्न श्रम इजाजत नं.२६७/०५८/०५९ को यस Araniko Overseas Pvt. Ltd. ले आर्थिक वर्ष २०७९/०८० मा विभिन्न देशहरुमा तपशिल बमोजिमका संख्यामा कामदार पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कामदार पठाएको देश | कामदारको संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | साउदी अरब | १५६ | ० | १५६ |
| २ | कुवेत | ०४ | ० | ०४ |
| ३ | मलेसिया | २७ | ० | २७ |
| **कुल जम्मा** | | **१८७** | **0** | **१८७** |

**ARANIKO OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. २६७/०५८/०५९
Kupondole (Opposite to Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GLAMOUR UP LADIES SALON**

पुर्व स्वीकृति मिति २०७९/०८/०६ | पुर्व स्वीकृति मिति २०८०/०४/०७ | LT. No. 276067 | चलानी नं.६०१९१७६५६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Beautician | 0 | 8 | 150 | ६४१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TRIBUMI VENTURES SDN BHD**

पुर्व स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 289822 | चलानी नं. ६०२०५०२६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 56 | 0 | 1500 | ४३,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : SEDER CONSTRUCTION COMPANY**

पुर्व स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 289821 | चलानी नं. ६०२०५०२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Electric Power Lines Worker | 10 | 0 | 1200 | ४२,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कृष्णपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कन्चनपुर सुदूरपश्चिम प्रदेश

### शिलवन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०४/०८**

यस कार्यालयको आ.व.२०८०।०८१ को आन्तरिक राजश्व संकलन गर्ने कार्यकालागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायको शिर्षकमा आय संकलनको ठेक्का कबोल गर्न नियमानुसार दर्ता भएका फर्महरुबाट आवश्यक कागजात संग्लग्न राखि देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ।

| ठेक्का नं. | विवरण | न्युनतम बोलपत्र रकम मु अ कर सहित | उत्खनन् परिमाण घ.मी. | फाराम दस्तुर रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 05-IR-2080/081 | कृष्णपुर न.पा. भएर बग्ने मोहना नदी, मछेली नदी, बन्द नदी र बनारा नदीबाट नदीजन्य पदार्थ संकलन | ५,४८,४५,३२२।७४ | २,२९,२८८।- | ५,०००।- | १२० दिन |

| | |
|---|---|
| **बैंकको विवरण: कुमारी बैंक, शाखा कार्यालय गुलरिया, कञ्चनपुर** | बोलपत्र सम्बन्धि कागजातहरु यस कार्यालयबाट वा ***www.bolpatra.gov.np/egp***. बाट तोकिएको फाराम दस्तुर तिरी खरिद गर्न सकिनेछ। बोलपत्रदाताले अनलाईनबाट समेत बोलपत्र प्रक्रियामा भाग लिन सक्नेछन। |
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२०००४<br>आन्तरिक राजश्व खाता ग १.१ : २७००२४८२१६२००००९ | ठेक्काको छुट्टै सिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई तोकिएको समयमा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेख गरिएको छ। |

१. बोलपत्रको अन्तिम खरिद मिति २०८०।०५।०५ गते, दर्ता मिति २०८०।०५।०६ दिनको १२:०० बजे र खोलिने मिति २०८०।०५।०६ गते दिनको १४:०० बजे सम्मको हुनेछ। दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै आर्को दिन दर्ता गरिनेछ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
३. बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्नेछ बोलपत्रको प्रत्येक पानामा विवरण स्पस्ट संग भरी प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ।
४. न्युनतम अंक भन्दा घटि कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।
५. ठेक्का कबोल गरेको अंक सकेसम्म एकमुष्ठ बुझाउनु पर्नेछ एकमुष्ठ नभए सम्झौता गर्ने समयमा ५० प्रतीशत नगदै र बाँकी रकमको २०८१ श्रावण मसान्त सम्मको बैंक जमानत पेश गर्नु पर्नेछ।
६. ठेक्का कबोल गर्दा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम माथी उल्लेखित धरौटी खातामा जम्मा गरि सो को सक्कलै भौचर वा तोकिएको म्याद सम्मको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## चिनियाँ नेताको...

पृष्ठ १ बाट जारी

अनुसार च्युन र प्रधानमन्त्रीबीच दिउँसो ४ बजे भर्चुअल माध्यममार्फत छलफल भएको हो । संवादका क्रममा प्रधानमन्त्रीले चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डलको नेतृत्व गरेर नेपाल भ्रमणमा रहेका च्युनसँग दुई देशको आपसी हितका विषयमा छलफल गरेका थिए ।

आइतबार नै च्युनले कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासँग भेटेका छन् । सिंहदरबारस्थित रक्षा मन्त्रालयमा भएको भेटवार्तामा खड्काले केही समयअगाडि मात्र पदभार सम्हालेका च्युनलाई बधाई दिँदै उनको कार्यकालमा नेपाल-चीन सम्बन्ध प्रगाढ हुने विश्वास व्यक्त गरेका थिए ।

कार्यवाहक प्रधानमन्त्री खड्काले नेपाल र चीनबीच सदियौंदेखि रहिआएको सौहार्द्रपूर्ण एवं घनिष्ठ सम्बन्ध नेपाल सरकार र नेपाली जनताले महसुस गरेको स्मरण गरेका थिए । उनले कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै दुई देशबीचको रक्षा सम्बन्ध र सहकार्य सौहार्द्रपूर्ण एवं घनिष्ठ रहिआएको उल्लेख गरे । चिनियाँ सेनाले नेपाली सेनाको क्षमता अभिवृद्धिमा पुर्‍याएको सहयोगका लागि उनले धन्यवादसमेत दिएका थिए ।

उक्त अवसरमा पोलिटब्युरो सदस्य युआनले यसपटकको नेपाल भ्रमणको प्रमुख उद्देश्य सन् २०१९ मा चीनका राष्ट्रपति सी चिनफिङको भ्रमणका क्रममा निर्णय भएका विभिन्न आयोजना तथा कार्यक्रमको व्यावहारिक कार्यान्वयनलाई सफल बनाउनु रहेको बताएका थिए । उनले नेपाल र चीनबीच कृषि, खाद्य सुरक्षा, औद्योगिक विकास, रोजगारी, सहरीकरण, भौतिक पूर्वाधार, व्यापार विस्तार, संस्कृति एवं पर्यटन विकासलगायतका क्षेत्रमा सहकार्य गर्न सकिनेतर्फ विचार राखेको मन्त्रालयले जनाएको छ ।

साथै, चीनले नेपालको गरिबी न्यूनीकरणका लागि थालनी गरेको सहयोगसम्बन्धी कार्यक्रम आफ्नो भ्रमणकै क्रममा अगाडि बढाइने कुरा उनले उल्लेख गरेका थिए । नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीच असल सम्बन्ध रहेको कुरा उल्लेख गर्दै च्युनले आगामी दिनमा तालिम, क्षमता अभिवृद्धिका क्षेत्रमा थप सहयोग आदानप्रदान हुने बताएका थिए ।

साथै, उनले पूर्वप्रधानमन्त्री स्व. विश्वेश्वरप्रसाद कोइरालाले सन् १९६० मार्चमा चीनको भ्रमण गरेपछि नेपाल-चीन सम्बन्ध प्रगाढ भएको उल्लेख गरेका थिए । पोलिटब्युरो सदस्य च्युनले नेपालको एक चीन नीतिप्रति कृतज्ञता प्रकट गर्दै नेपालको भूमि चीनविरुद्धका गतिविधिमा प्रयोग हुन नदिने नेपालको प्रतिबद्धताको प्रशंसा गरेका थिए । उक्त अवसरमा च्युनले कावा प्रधानमन्त्री खड्कालाई उपयुक्त समयमा चीन भ्रमणका लागि निमन्त्रणा दिएका थिए ।

### माओवादी नेतासाग द्वारिकाजमा भेट

च्युन नेतृत्वको प्रतिनिधिमण्डलले नेकपा माओवादी केन्द्रका नेतासँग आइतबार साँझ काठमाडौंको होटल द्वारिकाजमा भेटवार्ता गरेका छन् । भेटमा दुई देशका कम्युनिस्ट पार्टीबीचको सम्बन्धका विविध आयाममा कुराकानी भएको बताइएको छ । भेटमा माओवादी नेताहरूले नेपालको विकास प्रक्रियामा यसअघि चीनबाट हुँदै आएको सहयोगको सराहना गर्दै आगामी दिनमा विविध क्षेत्रमा सहकार्य बढाउन आग्रह गरेको माओवादीका सचिव दीनानाथ शर्माले बताए ।

चीनले अख्तियार गरेको समाजवादको मोडल नेपालका लागि पनि अनुकरणीय हुनसक्छ भन्दै माओवादी नेताहरूले नेपालको समाजवादको यात्रामा चीनले पनि सहयोग गर्नुपर्नेमा जोड दिएका थिए । चिनियाँ प्रतिनिधिमण्डलले नेपालको विकासमा चीनले सहयोग गर्दै आएको र आगामी दिनमा त्यसलाई निरन्तरता दिइने विश्वास दिलाएको नेता शर्माले जानकारी दिए । चिनियाँ पक्षले दुई देशका सरकार, राजनीतिक पार्टी र जनस्तरको सम्बन्ध अझ कसिलो बन्नुपर्नेमा जोड दिएका थिए ।

भेटमा माओवादी केन्द्रका कार्यवाहक अध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, उपाध्यक्षद्वय कृष्णबहादुर महरा र अग्नि सापकोटा, महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव वर्षमान पुन र हरिबोल गजुरेल, सचिव शर्मा र गणेश साहलगायतको सहभागिता थियो ।

## कात्तिकभित्रै ठेक्का लगाउन निर्देशन

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंहले जुम्लाका कार्यालय प्रमुखहरूलाई बजेट कार्यान्वयनमा लाग्न निर्देशन दिएका छन् । पुल, भवन, शिक्षा तथा स्वास्थ्यका संरचनालगायतका विभिन्न योजनाको अनुगमन तथा निरीक्षणका लागि शनिबार जुम्ला पुगेका उनले चालु आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनमा प्रदेश सरकारले लिएको लक्ष्य हासिल गर्न आग्रहसमेत गरे । उनले कार्यालय प्रमुखले राखेका गुनासो सम्बोधनमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

जिल्लामा रहेका प्रदेशका कार्यालयले गर्नुपर्ने कामका बारेमा जानकारी दिँदै मन्त्री सिंहले भने, 'प्रदेश सरकारको बजेट पारित भइसकेको छ । अब तत्कालै बजेटको अख्तियारी आउँछ । तोकिएका योजनाहरूको काम समयमै सम्पन्न र कुनै पनि योजनाको ठेक्का कात्तिकभित्रै गर्नका लागि कार्यालय प्रमुख नियमित हुनुको साथै दत्तचित्त भएर लाग्नुपर्दछ ।'

उनले जनतालाई सेवा प्रवाह गर्ने कुरामा कुनै पनि कमजोरी नगर्न र विशेषगरी सुशासन कायममा जोड दिन कार्यालय प्रमुखसहितका कर्मचारीलाई सुझाएका थिए । प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले कार्यालय प्रमुखहरूको काममा सहजीकरण, उनीहरूको नियमितता, जिल्लाको शान्ति सुरक्षा र सुशासन कायम गर्नतर्फ आफ्नो भूमिकालाई सघन बनाउने बताए ।


फ्रि भिषा !! फ्रि टिकट !!

मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : C.E. BRUSH MANUFACTURING SB

पुर्व स्वीकृति मिति २०७९/०५/१४ पुर्व स्वीकृति मिति २०८०/०४/०७ LT. No. 270567 चलानी नं. ६०१८६३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PENANG AUTOMATION CLUSTER SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०७ LT. No. 269289 चलानी नं. ६०१८५१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 80 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd

श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745

E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NETWORK COMMAND SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पूर्व स्वीकृति मिति २०८०/०४/०७ LT. No. 279336 चलानी नं. ६०१९५४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF AWTAD FOUNDATION FOR GENERAL CAONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/०२/१७ पूर्व स्वीकृति मिति : २०८०/०४/०७ LT. No. 287009 चलानी नं. ६०२०२४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1200 | ४१९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIVIERA POOLS

पुर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No. 289539 चलानी नं. ६०२०४९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1300 | ४६,८१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 1 | 0 | 1500 | ५४,०१० | | | | | | | |
| 3 | Plumber | 1 | 0 | 1500 | ५४,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.

श्रम ईजाजत नं. ५५०/०६२/०६३

रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४



मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRIGHTEN INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०८/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०७ LT No :276584 चलानी नं. ६०१९२२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TRANS WORLD Manpower CO.(P) Ltd.

Govt. License 300/059/60

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu

Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236

Email: twmanpower@wlink.com.np


# Chhatrakot Rural Municipality

## Office of the Rural Municipal Executive
## Choyaga, Gulmi

# INVITATION FOR ELECTRONIC BIDS

**Date of First Publication: 24 July, 2023**

1. The **Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi** invites electronic bids from Nepalese eligible bidders for Work as mentioned below under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) |
|---|---|---|---|
| CRM/Gul/W/NCB-01/080-81 | Construction of Adminstrative Building of Chhatrakot Rural Municipality | 10,000 | 30,00,000 |

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 8,02,00,000
- Minimum Work experience of similar size and nature: NRs. 6,41,00,000.

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate Bids), one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn as per the provision of ITB 21 of the Bidding Document.
3. Bidders should submit their bid electronically through bolpatra.gov.np./egp and deposit the cost of bidding document in the Office's Rajaswa (Revenue) as specified below. The scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Prabhu Bank Limited, Chhatrakot Branch

   Name of Office: Chhatrakot Rural Municipality, Gulmi

   Account name: GA-1-1-CHHATRAKOT GA.PA. AANTARIK RAJASWA KHATA

   Account no.: 2737087926000138

   Rajaswa (revenue) Shirshak no.: 14229
4. Eligible Bidders can get further information regarding Bid Document at the Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi during office hours, Office website www.chhatrakotmun.gov.np, Contact no. 9857067908, 9861253525 and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.
5. Pre-bid meeting shall be held at the office of Chhatrakot Rural Municipality, Choyaga, Gulmi, Lumbini Province, Nepal on **07 August, 2023, 14:00 hours.**
6. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 hours on 23 August, 2023.**
7. Bids must be valid for a period of **90 days** after opening and must be accompanied by Cash Security or Bank Guarantee, amounting as amount mentioned above which shall be valid for **30 days** beyond the validity period of the bid. If the bidder wishes to deposit Bid Security as cash should deposit at Account Name **GA-3-1-CHHATRAKOT GA.PA. STHANIYA TAHA DHARAUTI KHATA** Account no. **2737087926000048** maintained at Prabhu Bank Ltd., Chhatrakot Branch and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
8. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours** on **23 August, 2023** at the Chhatrakot Rural Municipality, Office of the Rural Municipal Executive, Choyaga, Gulmi.
9. Evaluation and Qualification Criteria:

**Construction Experience in Key Activities:**

i. RCC Work M25: 460 cum per year

ii. Reinforcement work: 53 Ton per year

iii. Brick work in 1:4 cs mortar: 173 cum per year

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### देशको स्थिति सुधार्ने चिन्ता लिने कसले ?

**देशको अर्थतन्त्र डामाडोल छ । कतै समयमा वर्षा नहुँदा, कतै मल नपाउँदा खेतीकिसानी कामविहीन छन् । यस्तो अवस्थामा सरकार चलाउन जनताले चुनेर पठाएकाहरू भने उदासीन देखिन्छन् । सरकारको नेतृत्व सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहाल यतिबेला इटालीको रोम पुगेका छन् । उनले कार्यवाहक सुम्पेका उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्कालाई आफ्नै पार्टीको केन्द्रीय समितिमा पुग्नुछ । कोही सांसद अमेरिकी भ्रमणमा पुगेका छन् । प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली कम्बोडियातिर छन् ।**

**यहीबाट प्रस्ट हुन्छ, जनप्रतिनिधिहरू जनसवालमा उदासीन छन् । संसद्लाई कुनै बिजनेस छैन । यस्तो बेला सत्तामा पुगेकालाई पनि हाइसञ्चो छ । कांग्रेस केन्द्रीय समितिमा केन्द्रीय सदस्यहरूले राखेको धारणाबाट प्रस्ट हुन्छ, देशका अर्थतन्त्रमा पहिलोपटक प्वाल परेको छ । अर्थतन्त्र कोलाहालपूर्ण छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले पनि देशको अवस्था खुलस्त पारेका छन्, आफ्नो पार्टीको बैठकमा । ब्याजको भार भयानक भएको महतको खुलासा थियो केन्द्रीय समितिमा ।**

**के यस्तो अवस्थामा जनताले चुनेर पठाएकाहरू तीर्थाटानमा जानु ठीक होला त ? 'कसलाई के धन्दा कसलाई के...' भनेझैं कांग्रेसलाई अहिले आफ्नै पार्टी बनाउने चासो छ । एमाले सरकारको भूमिकाबारे चुपचाप बसेपछि कसलाई केको मतलब र ? हुन त आफूलाई निकै क्रान्तिकारी ठान्ने नयाँ दलहरू पनि अहिले मौन छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीले देशको यो अवस्थाबारे केही धारणा राखेकै छैन । देशमा अहिले वैदेशिक चासो बढेको छ । राजनीतिक हस्तक्षेपमा मुसा–बिरालो खेल चलिरहेको बेला साना दलको मौनता अझै रहस्यमयी छ । कुन बेला बिरालोले टपक्क उठाउँला कि भनेर साना दलका नेताहरू पनि लुकेर बसेको भान हुन्छ ।**

**देश सुधार्ने हो भने पहिले संसद् चलायमान हुनुपर्ने हो । देशमा लम्पी स्किनको महामारी छ । भन्सारबाट सुन तस्करी बढेको छ । रेमिटयान्सले देशलाई धानेको सरकारको फूर्ति छ । तर, अवैध सुन भित्रिँदा कतिमात्र रकम विदेशिन्छ, यो पनि सोच्नुपर्ने हो सरकारले । पछिल्ला दिनहरूमा अधिकमात्रमा सुन भित्रिएको अनुमान गर्न सकिन्छ, किनभने तस्करका लागि भन्सारहरू खुकुलो भएको पुष्टि पछिल्लो सय किलो सुनकाण्डले पनि पुष्टि गर्छ । ठूलो परिमाणको सुन विमानस्थलबाट फुत्केर आइसकेको अवस्थामा विमानस्थलको गेटमा बरामद भएको हो । पछिल्लो गतिविधिले प्रस्टयाउँछ सरकार प्रमुखदेखि विपक्षी नेतासम्मको देशप्रेम ।**

# इतिहासमा सीमित जनकपुर चुरोट कारखाना

▶▶ टीकाराम सुनार

पञ्चायत जन्मिनुअघि नै जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकाली) स्थापनाको योजना बन्यो । त्यो योजना प्रजातन्त्रबहालीपछि वि.सं. २०१६ मा नेपाली कांग्रेसका सभापति बिपी कोइराला नेतृत्वको सरकारले बनाएको थियो तर जनकपुरमै कारखाना ल्याउने श्रेय भने सो सरकारका उद्योग तथा वाणिज्यमन्त्री रामनारायण मिश्रलाई दिने गरिएको छ ।

योजना त बन्यो तर त्यसको कार्यान्वयन सुरु हुन नपाउँदै २०१७ पुस १ गते राजनीतिले अर्को मोड लियो । निर्दलीय पञ्चायतको उदयपछि त्यो योजना तुहिन्छ कि भन्ने धेरैलाई शंका थियो तर त्यसो भएन बरु योजनालाई मूर्तरूप दिन थालियो । त्यहीक्रममा सबैभन्दा पहिले केही कर्मचारी नियुक्त गरियो । ती कर्मचारीमध्ये एक थिए महोत्तरीको मनरा सिशवा-४ जाउखका रामनरित शर्मा । उनले २०१८ असार ३१ गते स्टोरकिपरको रूपमा जागिर सुरु गरेका थिए भने २०५० सालमा व्यक्ति व्यवस्थापन महाशाखा प्रमुख (निर्देशक) का रहँदा सेवानिवृत्त भए ।

> पञ्चायतको कडा अनुशासनमा उद्योग चलिरहेको थियो । उद्योगका कर्मचारीहरू घडीको सुईजस्तै अनुशासित थिए । बिहान ठीक ६ बजे कारखानामा बज्ने साइर नसँगै कर्मचारी र कामदारहरू उठेर कामका लागि तयार हुन्थे । त्यसले कर्मचारीलाई मात्रै होइन, जनकपुरलाई नै ब्युझाएको थियो, जनकपुरलाई नै एउटा लयमा हिँडाएको थियो । त्यो आवाज अहिले पनि कानमा गुञ्जिरहेको आभास हुन्छ ।

लगत्तै सोभियत रूस सरकारको आर्थिक तथा प्राविधिक सहायता र तत्कालीन श्री ५ को सरकारको पहलमा २०१९ मंसिर ८ गते तत्कालीन उद्योग वाणिज्यमन्त्री वेदानन्द झाले जचुकालि निर्माण कार्यको शिलान्यास गरे । त्यसको दुई वर्षमै निर्माण कार्य सम्पन्न भयो । 'दलमाथि प्रतिबन्धको अवस्थामा एक खालको निराशा थियो । जब तत्कालीन राजा महेन्द्रले २०२१ पुस २९ मा जचुकालिको उद्घाटन गरे, यस क्षेत्रमा नयाँ उमंग फर्कियो । हजारौं मान्छे त्यो क्षणको साक्षी र हर्षबढाइँ गर्न आए,' शर्माले त्यो क्षण सम्झिए, 'त्यो बेला अहिलेको जस्तो काम लिने तर समयमा नसक्ने अवस्था थिएन । त्यही कारण दुई वर्ष नबित्दै जचुकालिको उद्घाटन भयो ।'

जनकपुरधाम उपमहानगरपालिका-९ मा करिब ३३ बिघा नौ क√ा क्षेत्रफलमा फैलिएको यो कारखाना सरकारको मात्रै होइन, नागरिकको पनि जीवनको अभिन्न अंग बन्यो । '५० वर्ष पुरानो इतिहास बोकेको यो कारखानासँग चुरोटमात्रै होइन, देशको अर्थतन्त्र जोडिएको थियो । मधेसका जनताहरूको जीवन र नेपालीहरूको श्वास जोडिएको थियो । हुँदाखाँदाको त्यो कारखाना अहिले कंकालजस्तै छ,' शर्माले एकछिन निःशब्द हुँदै भने ।

### विस्मृति र स्मृतिका ३२ वर्ष

सम्झँदा पनि आजै हो जस्तो लाग्छ उनलाई जचुकालीको आँगनमा हाँसेको खेलेको र ३२ वर्ष लामो उर्वर समय बिताएको । उनी जचुकालिको सुरुदेखिकै साक्षी हुन् । त्यसको जन्म र अवसान हुँदासम्मका हरेक पलपलको हेक्का छ । त्यसैले त यो ठाउँसँग उनको अगाध प्रेम छ । त्यही प्रेमका कारण उनले कारखानाको मूलद्वार नजिकै घर बनाए तर अहिले खण्डहरजस्तो देख्दा उनलाई नमिठो लाग्छ ।

कुनै समय नेपाली अर्थतन्त्रमा जगजगी र देश विदेशमा वाहवाही कमाएको त्यो संस्थाको कंकाल हेरेर बस्नुपर्दा विगतका सम्झनाले सताउँछ । विगत ताजा बनेर आउँछ, अनि मन भक्कानिन्छ । उफ ! अहिले त यहाँ किन बस्नुपरेको होला जस्तो लाग्छ !



रामनरित शर्मा

### मनमनमा जचुकाली

'हुम्ला/जुम्लामा चुरोटको अभाव' भनेर त्यो बेला सञ्चारमाध्यममा समाचार आउँथ्यो जसरी अहिले चामल र औषधिको आउँछ । अनि खैलाबैला भचिन्थ्यो । तत्कालीन विभागीय मन्त्री र उद्योग मन्त्रालयको उच्च नेतृत्वबाट फोन आएपछि जचुकालिका महानिर्देशक र सम्बद्ध कर्मचारीमा एकखालको छटपटी हुन्थ्यो ।

चेतनाको अभावले पनि होला त्यो बेला अहिलेको जस्तो थिएन । अधिकांश नेपालीहरू धूमपानको अम्मली थिए । नागरिकको त्यो अम्मललाई पूरा गर्न ७५ जिल्लामा १०५ कार्यालय राखेर जचुकालिले आफ्नो उत्पादन जिल्ला जिल्लामा पु¥याउँथ्यो ।

अधिकृत पुँजी आठ करोड रूपैयाँ र जारी तथा चुक्ता पुँजी चार करोड आठ लाख ३७ हजार रूपैयाँ रहेको यस कारखानाले दैनिक दुई अर्ब खिल्ली चुरोट उत्पादन गर्ने सामर्थ्य राख्थ्यो । पछि आफ्नो आम्दानीबाट उत्पादन क्षमता बढाई तीन अर्ब पु¥याइयो । जचुकालिबाट त्योबेला उत्पादित चुरोटमा देउराली, याक र गैंडा निकै चर्चित ब्राण्ड थिए ।

उत्पादन पनि राम्रो थियो । आकर्षण पनि थियो तर सडकबाटो विस्तार नभइसकेकाले मागअनुसार आपूर्ति गर्न निकै समस्या हुन्थ्यो । पूर्व-पश्चिम महेन्द्र राजमार्ग बनेको थिएन । सुरुमा रेलको माध्यमबाट जनकपुरबाट भारतीय बाटोको प्रयोग गरी (जयनगर) रक्सौल, वीरगञ्ज हुँदै काठमाडौं, पोखरा, नेपालगञ्ज, महेन्द्रनगर, धनगढीलगायतका मुख्य बजारमा ढुवानीको व्यवस्था मिलाइन्थ्यो । पछि पूर्व-पश्चिम राजमार्ग बनेपछि आफ्नै १० वटा जति ठूलो कन्टेनरको सहारामा ढुवानीको काम हुन थाल्यो ।

यसमा स्थायी, करार, ज्यालादारी गरी करिब २९ सय कर्मचारी कार्यरत थिए । जचुकालिको कर्मचारी हुनुको मान, सम्मान र सान नै अर्कै थियो । उनी भन्छन्, 'त्यो बेला झण्डै तीन/चार करोड रूपैयाँको त सुर्ती खरिद गरिन्थ्यो । त्यसका लागि महेन्द्रनगर, ढल्केवर, गोदार, मिर्चैयालगायतका स्थानमा स्थानीय किसानहरूले सुर्तीखेती गर्थे । यहाँबाट कच्चापदार्थ नपुगेपछि छिमेकी भारतबाट आपूर्ति गरिन्थ्यो ।' सुरुमा राष्ट्रिय वाणिज्य बैंकमा खाता खोलेर पैसा राखिन्थ्यो तर उसले त्यसरी राखिने पैसाको ब्याज तिर्न नसक्ने बताएपछि नेपाल बैंक लिमिटेडलाई अनुरोध गरेर कारखाना परिसरमा शाखा राखिएको उनले जानकारी दिए ।

जचुकालीले कमाउनेमात्रै होइन, सामाजिक उत्तरदायित्वको नीतिअनुसार कर्मचारीहरूका लागि अस्पताल, तिनका सन्तानका लागि विद्यालय र जनकपुरका धार्मिकस्थल स्तरोन्नतिका लागि सहयोग, १२ बिघा मैदानमा माटो भरान तथा पर्खाल निर्माण, सार्वजनिकस्थलमा बिजुली, खेलकुदको विकासका लागि छुट्टै क्लब स्थापनाजस्ता कामहरू गरेको थियो ।

### "फापेन प्रजातन्त्र"

पञ्चायतको कडा अनुशासनमा उद्योग चलिरहेको थियो । उद्योगका कर्मचारीहरू घडीको सुईजस्तै अनुशासित थिए । उनी भन्छन्, 'बिहान ठीक ६ बजे कारखानामा बज्ने साइरनसँगै कर्मचारी र कामदारहरू उठेर कामका लागि तयार हुन्थे । त्यसले कर्मचारीलाई मात्रै होइन, जनकपुरलाई नै ब्युझाएको थियो, जनकपुरलाई नै एउटा लयमा हिँडाएको थियो । त्यो आवाज अहिले पनि कानमा गुञ्जिरहेको आभास हुन्छ ।'

वि.सं. २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनापछि धेरैलाई पहिलो जननिर्वाचित प्रजातान्त्रिक सरकारको सपना जोडिएको यो संस्था राजनीतिक दल र त्यो सत्तालाई आफ्नो सन्तानजस्तै लाग्नेछ भन्ने लागेको थियो । कडा अनुशासनमा चलेको संस्थामा राजनीति घुस्न थाल्यो । कर्मचारीहरू राजनीतिक दलको सदस्यमा परिणत हुन थाले । महाप्रबन्धक राजनीतिक प्रभावका आधारमा नियुक्त हुन थाले । पञ्चायतका अन्तिम महाप्रबन्धक देवेन्द्रबहादुर साहलगायतको त्यो लय र प्रजातन्त्रका पहिलो महाप्रबन्धक अमृतनाथ रेग्मीलगायतको बोली, व्यवहार र रवाफ नै फरक देखिएको उनी स्मरण गर्छन् ।

पञ्चायतकालमा मन्त्रीहरू भ्रमणमा आएको बेला केही कार्टुन चुरोट चढाउने र वर्षमा एक-दुई पटक उनी निकटका पत्रकार र पत्रपत्रिकालाई दुई/चार सयको विज्ञापन दिन हुकुम हुन्थ्यो तर प्रजातन्त्र आएपछि उद्योगको नियमअनुसार काम गर्नेभन्दा पनि आफ्नो चाहनानुसार उद्योग चलाउन थालिएको उनी बताउँछन् । कतिपयले त उद्योगलाई कमाउने र आफ्ना निकटस्थहरूलाई भर्ती गर्ने स्थल बनाए ।

जनताको मनमनमा रहेको, नेपाली अर्थतन्त्रलाई चलायमान र यहाँका नागरिकको जीविकोपार्जनको भरपर्दो आधारस्तम्भ रहेको यो कारखाना २०६८ चैतदेखि उत्पादन र २०७० असार २० देखि सम्पूर्णरूपमा बन्द भयो । वि.सं. २०७० असार २० गते मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी नेतृत्वको सरकारले जचुकालिमा कार्यरत रहेका कर्मचारीहरूलाई अवकास दिने निर्णयसँगै यो उद्योगमा ताला लागेको छ । सोही निर्णयका आधारमा कारखानामा कार्यरत स्थायी ७५८ र ज्यालादारी तथा करारका करिब २०० जना कर्मचारीलाई एक साथ अवकाश दिइयो ।

अहिले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको एउटा शाखाले जीर्ण संरचना र मेसिनहरूको रेखदेख गरिरहेको छ । केही सुरक्षागार्डले मेसिनहरूको सुरक्षा र निगरानी गरिरहेका छन् तर कारखानामा करोडौं मूल्यका मेसिन र उपकरणहरू खिया लागेर दिन प्रतिदिन प्रयोगहीन भएको शर्मा बताउँछन् ।

बन्द रहेको जनकपुर चुरोट कारखाना क्षेत्रलाई मधेस प्रदेश सरकारले आफ्नो प्रशासनिक प्रयोजनमा प्रयोग गरिरहेको छ । अहिले यहाँ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासनिक कार्य र निवासहरू छन् । राज्यले फेरि चुरोट उत्पादन गरी बेच्ने होइन तर एउटा इतिहास बोकेको संस्थालाई राजनीतिको थलो बनाउनुभन्दा उद्यमशीलताको केन्द्र बनाउनु उपयुक्त हुने उनको भनाइ छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किन कि नन्दको हातमा मगध सुरक्षित आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार ग¥यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासी 'अहँ अहँ चाणक्यले यस्तो हुन दिदैन' भन्ने बोली निस्कियो' मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ ।'

म पहिले राजा पुरुलाई भेटेर मात्र पाइला चाल्छु । कैकेय देशलाई सतर्क पार्नुपर्छ सिकन्दर अगाडि नबढोस्, चाणक्यले यसरी युक्ति सोचे । यस्तैमा पुनः यात्रा आरम्भ भयो । चाणक्यको पहिलो यात्रा र अहिलेको यात्रामा अन्तर थियो । पहिले निराश्रित, अहिलेको ४५ वर्षे अनुभव प्राप्त लौहपुरुष सिकन्दरलाई र महानन्दजस्ता क्रूर राजालाई जित्न असम्भव लाग्दैनथ्यो । उनीसँग सामार्थ्य, ज्ञान, मातृभूमिको अमिट प्रेम छ र अनि छ एउटा सँगठित भारतवर्ष बनाउने आकांक्षा थियो ।

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश नन्द प्रवेश गरी उनीसँग भेट गरे । राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए । विष्णुगुप्तका स्वागत गरे ।' मैले बुझिसकेको थिए सिकन्दरको अबको लक्ष्य कैकेयमा पर्छ पुरुने विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन् विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे ।

पुरुसँग आम्भी रिस गर्थे । सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो । आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो । पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए ।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो । उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए । पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन । क्रमशः

## पत्र–मञ्जुषा

### भ्रष्टाचारीहरूको संरक्षक बन्दै राजनीतिक पार्टी !

नेपाल प्रहरीका उच्च पदस्थहरू पछिल्लो समय ध माधम राजनीतिमा प्रवेश गरिरहेका छन् । २०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा भूपू प्रहरीहरूको ओइरो नै लागेको थियो । विभिन्न निर्वाचन क्षेत्रबाट प्रहरीका अवकाशप्राप्त उच्च पदस्थहरू चुनाव लडेका थिए । २०७४ सालको चुनावमा ललितपुर निर्वाचन क्षेत्र नम्बर १ बाट पूर्वडिआइजी नवराज सिलवाल विजयी भए । मंसिर ४ गते भएको निर्वाचनमा पनि उनी मैदानमा उत्रिएका थिए ।

तर, कांग्रेसका उम्मेदवार उदयशमशेर राणासँग हार व्यहोर्नुप¥यो । त्यस्तै, पूर्वआइजिपी सर्वेन्द्र खनाललाई एमालेले दुईपटक टिकट दियो । काठमाडौं निर्वाचन क्षेत्र नम्बर ८ बाट नराम्ररी हार व्यहोरेपछि उनी चुनाव लड्न राष्ट्रपति रामचन्द्र पौडेलको क्षेत्र पुगेका थिए । तनहुँ निर्वाचन क्षेत्र नम्बर १ बाट पुनः चुनावमा होमिएका उनले जित हासिल गर्न सकेनन् । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले बारा निर्वाचन क्षेत्र नम्बर २ मा भएको उपनिर्वाचनमा लड्नका लागि पूर्वडिआइजी रमेश खरेललाई चुनेको थियो ।

काठमाडौं निर्वाचन क्षेत्र नम्बर १ बाट हारेका उनलाई बाराका जनताले पनि पत्याएनन् । त्यहाँबाट पनि निराश भएर फर्किनुप¥यो । प्रहरीका पूर्वआइजिपी जयबहादुर चन्द अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आयुक्त छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको आडमा उनी त्यहाँ पुगेका भन्ने त सबैलाई थाहा नै भएको कुरा हो । अवकाश पाएपछि राजनीतिमा आउनेको सूची यतिमात्र नभएर लामै छ । कोही भ्रष्टाचार छानबिन गर्ने निकायको प्रमुख पदमा पुगेका छन् ।

अवकाश पाएपछि प्रहरीका हाकिमहरू राजनीतिको पछाडि लाग्नु वा जिम्मेवार निकाय ताक्नुको कारण के ? यो जनमानसले उठाएको प्रश्न हो । यो प्रश्न उठ्नु स्वाभाविकै पनि हो । प्रहरीमा बस्दा भ्रष्टाचार गरेर कमाएको सम्पत्ति लुकाउनका लागि पूर्वप्रहरीहरू राजनीतिमा आएको स्पष्ट छ । राजनीति भनेको कालो धनलाई सेतो पार्ने ठाउँ हो । राजनीति गर्ने ठाउँमा पुगेपछि आफ्नो सम्पत्ति छानबिन हुँदैन र जसरी भए पनि पार्टीले जोगाइहाल्छ भन्ने मनसाय भ्रष्टाचारीहरूमा देखिन्छ ।

यता, अख्तियारजस्तो भ्रष्टाचार छानबिन गर्ने निकायको प्रमुख पदमा पुगेपछि झनै के चाहियो ? आफ्नै सम्पत्ति छानबिन गर्ने कुरा भएन । मध्यमवर्गका परिवारमा जन्मिएका व्यक्तिहरूले भ्रष्टाचार गरेरै अर्बौंको सम्पत्ति जोडेको सर्वसाधारणको आरोप छ । हामीकहाँ सार्वजनिक पदमा पुग्नेबित्तिकै कमाउनेकै होडबाजी हुन्छ । तैंले बढी भ्रष्टाचार गर्ने कि मैले ? भनेर प्रतिस्पर्धा नै चल्छ । चुनाव लड्न सहज छैन । बाहिर देखाउनमा लाख देखाए पनि करोडौं खर्च गर्ने प्रचलन हामीकहाँ छ ।

दुईपटक चुनाव लड्दा कति करोड खर्च भयो होला ? जनताले त हेरिरहेका छन् नि । एउटा प्रहरीको तलब कति हुन्छ ? काठमाडौंको बसाइँमा खर्च कति हुन्छ ? सीधै आइजिपी त बनेका होइनन्, होला । सिपाहीबाट जागिर खानेहरूले यत्रो सम्पत्ति कहाँबाट जोडे ? जति नै जोगाए पनि करोडौंको सम्पत्ति जोड्न सम्भव नै छैन । सरकारले दिएको तलब, सेवासुविधा कम भएको भनी सरकारी कर्मचारीहरू नै गुनासो गरिरहेको बेला यिनीहरूले यत्रो सम्पत्ति कहाँबाट जोडे ?

चुनावमा त्यत्तिकै खर्च गरे । यता, आफ्नै घर बनाएका छन् । जग्गा जमिन पनि जोडेका होलान् । व्यवसायमा लगानी गरेका छन् । यो कसरी सम्भव छ ? प्रधानमन्त्री पुष्पकमल दाहाल र गृहमन्त्री नारायणकाजी श्रेष्ठले अवकाशप्राप्त प्रहरीका उच्च पदस्थहरूको सम्पत्ति छानबिन गर्न कमिटी गठन गर्नुपर्छ । उनीहरूको जागिर खाँदाको सम्पत्ति, मासिक आम्दानी, खर्च र हाल भएको सम्पत्ति छानबिन हुनैपर्छ । भ्रष्टाचार गरेर कमाउनेलाई सरकारले कुनै पनि हालतमा छोड्नुहुँदैन् ।

तर, राजनीतिक दलहरूले नै यस्ता व्यक्तिहरूलाई संरक्षण दिइरहेका छन् । अब राजनीतिक पार्टीहरूसँग दुईटा विकल्प छन्, 'सक्किने कि सुध्रिने ।' भ्रष्टाचारीहरूलाई जोगाइराख्ने हो भने राजनीतिक पार्टीको अस्तित्व नै मेटिन बेर छैन । जनताको अगाडिचाँहि भ्रष्टाचारीको विरोध गरेजस्तै गर्ने अनि पार्टीमै भ्रष्टाचारीलाई पालेर राख्ने काम नगरौं । हरेक पाटीले आफ्नै पार्टीबाट भ्रष्टाचार सरसफाइ अभियान सुरु गर्नुपर्ने देखिएको छ । वास्तवमा भन्ने हो भने पार्टीको नेतृत्व नै भ्रष्टाचारी छन्, अनि मुलुक कसरी भ्रष्टाचारमुक्त बन्छ ?

*–अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

काभ्रेमा लम्पी स्किनको प्रकोप भयावह

# ६८१ पशु मरे, करिब ३१ हजार संक्रमित

**काभ्रे–** लम्पी स्किनका कारण काभ्रेपलाञ्चोकमा ३० हजार ७४३ पशु संक्रमित बनेका छन् । यो रोगबाट जिल्लामा ६८१ पशुचौपाया मरेका भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।

पछिल्ला महिना काभ्रेपलाञ्चोकमा लम्पी स्किन रोग प्रकोपका रूपमा फैलँदै पशुचौपायाको अवस्था भयावह बन्दै गएको हो । केन्द्रका अनुसार उक्त रोगबाट जिल्लाको १३ स्थानीय तहमा हालसम्ममा ६८१ पशुको मृत्यु भएको छ । उक्त रोगका कारण गाई, गोरु, बाछाबाछी र केही भैँसीसमेत मरेका हुन् । केन्द्रका अनुसार जिल्लामा ३० हजार ७४३ वटा पशु संक्रमित बनेकामध्ये ३० हजार ४६४ गाई, २७९ भैँसी रहेका छन् ।

केन्द्रका निमित्त प्रमुख डा. नितेश कार्कीले प्रभावित पशुचौपायाको संख्या पनि उत्तिकै रहेको बताए । उनका अनुसार ३३ हजार गाई र ३९९ भैँसी प्रभावित हुँदा हालसम्म ३२ हजार ८०० पशुमा रोगविरुद्ध खोप लगाइएको छ । खोप लगाइएका पशुमा रोग देखिएको छैन । जिल्लामा तीन लाख गाईभैँसी रहेका छन् ।

जिल्लाको बनेपा नगरपालिकामा सबैभन्दा धेरै संक्रमणदर रहेको छ । बनेपाको छवटा वडामा ११८ पशु मरिसकेको तथ्यांकले देखाएको छ । बनेपामा भने गाईको मात्रै मृत्यु भएको नगरको पशु सेवा शाखाले जनाएको छ । बनेपामा छ हजार १५ वटा पशु संक्रमण भएकामध्ये पाँच हजार गाईमा खोप लगाएको छ । यहाँ प्रभावित पशु संख्या छ हजार २०० छन् । वडा नं १ देखि ५ सम्म र १० नं वडामा संक्रमण फैलिएको जनाइएको छ ।

केन्द्रका अनुसार पाँचखाल नगरमा १०० पशु मरिसकेका छन् । धुलिखेल नगरमा ७२, पनौती नगरमा २५, मण्डनदेउपुर नगरमा ६४, नमोबुद्ध नगरमा ४१ तथा तेमाल गाउँपालिकामा ३५, खानीखोलामा ७९, बेथानचोकमा २५, रोशीमा ३१, भुम्लुमा २०, चौँरीदेउरालीमा ४२ र महाभारत गाउँपालिकामा २९ पशु मरेका छन् । चौँरीदेउराली गाउँपालिकाले पीडित कृषकलाई प्रतिपशु मरेबापत १० हजार रूपैयाँ तत्कालका लागि राहत दिने निर्णय गरेको छ भने धुलिखेलले बाछी खरिदका लागि साझेदारी गर्ने जनाएको छ ।

जिल्लामा महामारीको रूप लिएको उक्त रोग नियन्त्रण बाहिर गएको बताइन्छ । उक्त रोगका कारण अहिले पशुपालन व्यवसाय नै संकटमा परेको कृषक बताउँछन् । सरोकारवाला निकायले किसानलाई पशुहरूलाई सुरक्षित राख्न समयमै खोप लगाउन तथा घरायसी उपचारमा ध्यान दिन अनुरोध गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने पनि जनाएका छन् ।

जिल्ला प्रशासन कार्यालयले भने जिल्लामा पशुहरूको ओसार-पसारमा विशेष सतर्कता अपनाउँदै उपचार, राहत, जनचेतना तथा बिमाको रकम भुक्तानीका लागि तीन तहकै सरकारको समन्वय र सरोकारवाला निकाय सचेत हुनुपर्नेमा जोड दिएको छ । प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले १३ वटै स्थानीय तहका पशु स्वास्थ्य शाखा तथा सम्पूर्ण कृषकलाई सचेत रहन अनुरोध गर्दै हरेक पालिकाबाट नियमित रिपोर्टिङ गर्न र थप पशु मर्न नदिन खोप लगाउन भनेको बताए ।

उक्त रोग लागेपछि गाईभैँसीले कचेरा निकाल्ने, सिंगान बग्ने, तथा फिँज धेरै निकाल्ने, शरीरका विभिन्न भागमा विशेषगरी घाँटी, पछाडिका खुट्टामा, पेट तथा थुन वरिपरि साना-ठूला गिर्खा तथा फोका देखिन्छ । रोगका कारण पशुबाट २५ देखि ८० प्रतिशतसम्म दूध उत्पादन घट्छ भने पशुको गर्भ तुहिने, मृत्युदर कम भए पनि धेरै पशु बिरामी हुने गर्छन् ।

यो रोगको हालसम्म कुनै ठोस उपचार पत्ता लागेको छैन । लम्पी स्किन संक्रमण सन् १९८८ मा अफ्रिकाबाट सुरु भएको थियो । सन् २०१२ पछि मध्यपूर्व, दक्षिण पूर्वी युरोप, रसिया, काजकिस्तान र बंगलादेश हुँदै २०७७ असारमा नेपालको मोरङ जिल्लामा पहिलोपटक देखिएको थियो । काभ्रेपलाञ्चोकमा भने सोही सालको साउनमा पनौतीको एक भैँसीमा देखिएको थियो । *रासस*

# मुगुमा दुई सातादेखि विद्युत् अवरुद्ध

**मुगु–** मुगुमा करिब दुई सातादेखि विद्युत् सेवा अवरुद्ध हुँदा जनजीवन प्रभावित भएको छ । विद्युत् सेवा अवरुद्ध भएपछि जिल्लाको एकमात्र नगरपालिका छायाँनाथ रारा नगरपालिकाको पाँच हजार घरधुरीका २६ हजार परिवार साथै यहाँ रहेका सरकारी तथा गैरसरकारी संघसंस्था प्रभावित भएका हुन् ।

गत असार २७ गतेदेखि गमगाढ साना जलविद्युत् आयोजनको मुहानमा समस्या आउँदा विद्युत् सेवा ठप्प भएको हो । अहिले जिल्ला सदरमुकाम गमगढीलगायत आसपासका ८७ बस्ती अन्धकारमा छन् ।

वि.सं. २०६८ मा स्थापना भएको उक्त आयोजनामा पटक-पटक समस्या आउने गरेको छ । यसका कारण मुगुका तीन हजार १०० घरधुरी प्रत्यक्ष मारमा परेका छन् । विद्युत् नहुँदा सरकारी कामकाजका साथै बैंक तथा वित्तीय संस्थाको सेवा प्रवाहमा बाधा पुगेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय मुगुका सहायक प्रबन्धक प्रकाश भामले बताए ।

विद्युत्गृहको मुहानमा बाढी पस्दा नहरमा बालुवा र लेदोले पुरीदिँदा नहरमा पानी प्रवाह नभएपछि विद्युत् उत्पादन बन्द भएको जनाइएको छ । पटक-पटक बालुवा हटाउन प्रयास गरे पनि सम्भव नभएको र गत वर्षको बाढीका कारण खोलाले धार परिर्वतन गरेपछि वर्षात्को समयमा भलसँगै आउने लेदो र बालुवाले नहर जाम हुने गरेको छ । यसका कारण विद्युत् उत्पादनमा समस्या भएको गमगाढ साना जलविद्युत् आयोजनाका प्राविधिक छिरिङ लामाले जानकारी दिए ।

चार सय किलोवाट विद्युत् उत्पादन क्षमता भएको आयोजनामा रहेका विद्युत् उत्पादन गर्ने दुई मेसिनमध्ये एक लामो समयदेखि चालु अवस्थामा छैन भने चालु रहेको मेसिनले जेनतेन १६० किलोवाट विद्युत् उत्पादन गरिरहेको थियो ।

हरेक वर्ष वर्षाको समयमा गमगाढ वितरण केन्द्रको मुहान, पावरहाउसमा पटक-पटक समस्या आउने र विद्युत् सेवा अवरुद्ध हुने गरेको छ । समस्या समधानका लागि काम त गरिन्छ, त्यो प्रभावकारी र दिगो हुनसकेको छैन । दीर्घकालीन समाधानको योजना विद्युत् प्राधिकरणले नबनाउँदा हरेक वर्ष पानी र हिउँ पर्दा विद्युत् सेवाबाट नागरिकले सास्ती खेप्नु परिरहेको छायाँनाथ रारा नगरपालिका-६ का स्थानीय धनबहादुर भामले बताए ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मुगुमा राष्ट्रिय प्रसारणलाइन असारमा पुर्‍याउने घोषणा गरेका थिए । विद्युत् सेवा अवरुद्ध भएपछि नहरको बालुवा हटाउन सशस्त्र प्रहरीदेखि प्राधिकरणका कर्मचारी दिनरात काममा खटिँदै आए पनि साँघुरो नहर, एक जनामात्र भित्र पस्न सक्ने अवस्था भएकाले बालुवा र लेदो हटाउन समस्या भएको जनाइएको छ । गमगाढ खोला सीधै नहरमा जोडिएकाले पनि प्रत्येक वर्षामा बालुवा तथा लेदो थपिँदै जाने गरेको छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : G.B. INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति:२०७९/०५/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०७ LT. No. 271368 चलानी नं. ६०१८७३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAP YENG SENG SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०७ LT. No. 270674 चलानी नं. ६०१८६६९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Workers | 100 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ZENXIN AGRI-ORGANIC FOOD (AIR HITAM) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No. 289762 चलानी नं. ६०२०४९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production, Harvesting & Post Harvesting | 11 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GRAND TAN PROGRESSIVE SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No. 289752 चलानी नं. ६०२०४९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANUFACTURING WORKERS | 5 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARKAN ACCREDITED COMPANY FOR CONSUMER GOODS DELIVERY WLL.

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No.289749 चलानी नं. ६०२०४९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 25 | 0 | 135 | ५७,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 289749 मिति: २०८०/०४/०८ मा प्रकाशित हुनुपर्नेमा अन्यथा भएकोले मिति: २०८०/०४/०६ मा प्रकाशित उक्त विज्ञापनलाई रद्द गरी आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JR AGRO TRADING

पूर्व स्वीकृति मिति : २०८०/०४/०७ LT. No.289751 चलानी नं.६०२०५०२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 3 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTABLISHMENT MAHA SUWAYLIH HAMDAN AL-JAHANNI FOR BEVERAGES

पूर्व स्वीकृति मिति: २०८०/०४/03 LT. No. 289644 चलानी नं. ६०२०४९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1400 | ४८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RESTAURANT SPAK PEROT FOR MEALS

पूर्व स्वीकृति मिति: २०८०/०४/०५ LT. No. 289727 चलानी नं. ६०२०४९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1000 | ३४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

**Overseas Employment (P.) Ltd.**

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com


## जग्गा खरिद सम्बन्धी सूचना

**यस प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड** कम्पनीलाई आफ्नो व्यापारिक भवन निर्माण एवं उद्योग संचालन गर्न उपयुक्त जग्गा खरिद गर्न आवश्यक भएकोले तपसिल बमोजिमको स्थानका जग्गा बिक्री गर्न इच्छुक जग्गाधनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही यस सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

**जग्गा खरिद गर्ने स्थान :**

पर्सा जिल्ला बीरगंन्ज म.न.पा.-३२ चोर्नी स्थीत यस कम्पनीको उद्योग परिसर बाट ४ किलोमिटर वरपर ।

**शर्तहरु :**

१. प्रस्तावित जग्गामा कम्तीमा २० फिट मोटरबाटो भएको हुनुपर्नेछ र नेपाल सरकारको सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ ।
२. प्रस्तावित जग्गाको क्षेत्रफल न्युनतम १ कट्ठा देखि १०.५ विघा सम्मको कम्पाउण्ड पर्खाल सहितको वा पर्खाल लगाउन मिल्ने हुनुपर्नेछ ।
३. प्रस्ताव पेश गर्दा जग्गाको प्रतिकट्ठा मूल्य अंक र अक्षरमा प्रष्ट बुझिने गरि उल्लेख गरि पेश गर्नुपर्ने छ । अस्पष्ट भएमा अक्षरलाई प्राथमिकता दिईनेछ ।
४. प्रस्तावित जग्गाको सम्बन्धमा कुनै प्रकारको बिवाद, मुद्धा मामिला नरहेको यकिन हुने स्वघोषण पेश गनुपर्नेछ र जग्गाको स्थान खुल्ने नक्शा (Location Map) र Google Map मा जग्गाको सिमाना चिन्ह लगाई नक्शा पेश गर्नुपर्नेछ ।
५. सम्पर्क व्यक्तिको नाम, ठेगाना तथा लालपुर्जाको प्रतिलिपी, चालु आ.व. को तिरो तिरेको रसिदको प्रतिलिपी, नापी नक्शा, ट्रेस, चार किल्ला प्रमाणित सिफारिस, जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, संस्थागत जग्गाको हकमा अख्तियारी प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामाको कागजात समेत निवेदनमा संलग्न भएको हुनु पर्नेछ ।
६. प्रस्तावित जग्गाको स्थलगत निरिक्षण गरि यस कम्पनीलाई उपर्युक्त हुने वा नहुने सो समेत यकिन गरी उपयुक्त क्षेत्र किटान गरी जग्गा खरिदको कानूनी प्रक्रिया अगाडी बढाउने नबढाउने अधिकार कम्पनीमा निहित रहनेछ ।
७. कुनै कारण समेत नदर्शाई प्राप्त प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत पुन: नेगोसियशन गर्ने सर्वाधिकार यस कम्पनीमा सुरक्षित रहनेछ ।
८. जग्गा विक्रेताले प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेडको प्रभु बैंकको खाता नं. ११५०१५४३३११०००१४ मा रु.३०००।- फिर्ता नहुने गरि जम्मा गरेको भौचर सहित कम्पनीले तय गरेको आवेदन फारममा जग्गा सम्बन्धी विवरण भरेको हुनुपर्नेछ ।
९. प्रस्ताव "प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड" को रजिष्टर्ड कार्यालय बीरगंज म.न.पा. वडा नं.३२ वा कारोवार गर्ने कार्यालय : का.जि.का.म.न.पा.वडा नं.३२ तिनकुनेमा पठाउनु पर्नेछ ।

PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

**प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड**
प्रधान कार्यालय : बीरगंज म.न.पा.वडा नं.३२ ,पर्सा, नेपाल
शाखा कार्यालय : का.म.न.पा. वडा नं.३२, तिनकुने, काठमाडौं
फोन नं. ०१-५९१३७२८/५९१३७२९
Website : www.prabhusteel.com
E-mail : prabhusteel01@gmail.com


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASNUD TRADING COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०७ LT. No. 283163 चलानी नं. ६०१९८५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 5 | 0 | 1000 | ३४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNOMARS GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०७६/११/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०५ LT. No. 257989 चलानी नं. ६०१७४९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder/Blacksmith | 20 | 0 | 1300 | ४६,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason/Carpenter | 17 | 0 | 1300 | ४६,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ५४२/०६१/०६२

Samakhusi, Ktm, Nepal, Tel:- +977-1-4389760 / 4389761, Fax:- + 977-1-4389762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SATS SAUDI ARABIA COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/०७ LT. No. 287810 चलानी नं. ६०२०५००६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 11700 | ४०९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4111294, 9801077916, 9809393765
E-mail: cvlink03@gmail.com, hospitallity.lfr@gmail.com, Web: www.lefrn.com

प्रभाव दैनिक

रूपशाला

## जुबली बनिन् मिस नेपाल नर्थ अमेरिका

न्यूयोर्क सहरमा आयोजना भएको मिस नेपाल नर्थ अमेरिका-२०२३ को टाइटल जुवली शेर्पाले जितेकी छन् । मिस नेपाल नर्थ अमेरिका विजेता शेर्पाले अन्य १७ जना प्रतियोगीहरूलाई पछि पार्दै उपाधि हात पारेकी छन् । यसैगरी प्रतियोगिताको फस्ट रनरअप रजिला बास्तोला र सेकेण्ड रनरअप इसा सुवेदी भए । उक्त प्रतियोगिताका लागि क्यानाडा र अमेरिकाका विभिन्न राज्यहरूबाट कूल १८ जना प्रतियोगीहरूले सहभागिता जनाएका थिए । हरेक व अगस्त महिनामा हुँदै आएता पनि यस बर्ष जुलाई महिनामा मात्र प्रतियोगिताको ग्राण्ड फिनाले गरियो । यो प्रतियोगिताको आयोजना ड्रिम्स युनिभर्सल एलएलसी न्युयोर्कले गरेको हो भने मिस नेपाल नर्थ अमेरिकाका आयोजक तथा प्रमुख शैलेश श्रेष्ठ हुन् ।



सोमबार, ८ साउन २०८० (Monday, July 24, 2023)

# ‘एक कदम’मा स्मारिका र प्राञ्जल



■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय गायिका मिलन नेवार र गायक अनुप रेग्मीको स्वर रहेको एक कदम बोलको गीतको भिडियो रिलिज गरिएको छ । लामो समयदेखि नेपाली सांगीतिक क्षेत्रमा सक्रिय गायक रेग्मी गायिका नेवारको सहकार्यमा तयार सार्वजनिक गीतमा गीतकार कमला न्यौपानेको शब्द, संगीतकार येदिन गजमेरको संगीत रहेको छ ।

विगत २ दशकदेखि गीतको संगीतको क्षेत्रमा सक्रिय गायक अनुपले डेढ वर्षको अन्तरालमा सार्वजनिक गरेको एक कदममा पछिल्लो समयकी चर्चित मोडल स्मारिका ढकाल र मोडल प्राञ्जल न्यौपानेको अभिनय देख्न सकिन्छ ।

एक कदम एक रोमान्टिक प्रेमी जोडीको सफल कथा भएको र भिडियोले प्रेमी प्रेमिका चोखो मायामा डुब्दा कुन हदसम्म जान सक्छन् भनेर देखाउन खोजीएको छ ।

गहिरो प्रेममा डुबेको यो जोडीको रोमान्टिक कथालाई भिडियोमा निर्देशक केशवराज भट्टले कलात्मक शैलीमा देखाएका छन् ।

रूपम सिंह गुरुङको एरेन्ज रहेको सार्वजनिक गीतको छायांकन मान कृष्ण महर्जनले गरेका हुन् भने भिडियोको सम्पादन बान्दे प्रसादले गरेका हुन् । भिडियोको कलरिङ राजेन्द्र मोक्तानले गरेका हुन् भने गीतको रेकर्डिङ गुञ्जन रेकर्डिङ स्टुडियो अनामनगरमा भएको हो । प्रकाश न्यौपानले निर्माण गरेको भिडियो तरंग द वेभ क्रियशनबाट बजारमा आएको हो ।

## अदृश्यको ट्रेलर सार्वजनिक

**काठमाडौं (प्रस)** – अभिनेता प्रमोद अग्रहरी, रिस्ता बस्नेत र सोहीत मानन्धरको मुख्य भुमिका रहेको सिनेमा ‘अदृश्य’को सस्पेन्स थ्रिलर ट्रेलर सार्वजनिक गरिएको छ । सिनेमा सार्वजनिक २ मिनेट १३ सेकेण्ड लामो ट्रेलरले पछिल्लो समय देशमा भैरहेका हत्या, हिंसा र बलत्कार जस्ता अपराधको कथा सिनेमाले उठान गरेको छ ।

सिनेमाको सार्वजनिक ट्रेलरले सत्ता र शक्तिको आडमा कसरी अपराधीले कसरी सजिलै कानुनको गलत प्रयोग गर्छ भन्ने देखाइएको छ । प्रल्हाद काफ्लेको डेव्यु निर्देशनमा निर्माण भएको सिनेमामा मिना बस्नेत र उमारुद्रा काफ्लेको लगानी रहेको छ । रविन अधिकारी र रिकेश खत्री सिनेमाका सह-निर्माता हुन् ।

पिताम्बर फिल्मस्को प्रस्तुतीमा निर्माण भएको सिनेमामा प्रमोद र रिस्ताका अलवा सोहित मानन्धर, प्रविन खतिवडा, छुल्ठिम गुरुङ, रवी गिरी, सिएम भारद्वाज सुवेदी, विकेश प्रजापती, गीत बिष्ट, सुरज बिष्ट, जसिता घिमिरे, सन्दीप बाबु लोहनी, रूपेश दाहाल, सुजन बज्राचार्य, अजित रेग्मी, रूपेश थापा, अभिमान सिंह बस्नेत र प्रतिक भुजेल लगायतका कलाकारको अभिनय रहेको छ ।

राकेश रनपालको कथा, आकाश उखेडाको पटकथा तथा संवाद, उत्तम हुमागाई र मोहन कुमार झिल्लुको छायांकन, विशाल पौडेलको संगीत, शिशिर खातीको कोरियोग्राफी, मुकेश शाहको पार्श्व संगीत, निशान घिमिरेको कलर, बनिश शाहको सम्पादन रहेको सिनेमाका प्रोडक्सन म्यानेजर प्रकाश बुढाथोकी र दिलिप पन्त हुन् । सिनेमालाई आरआर फिल्मस्ले वितरण गर्दै छ ।

# पाइलट समर्पण कार्की भए ‘मिस्टर नेपाल २०२३’



■ प्रभाव संवाददाता

**काठमाडौं–** विराटनगरका ३२ समर्पण वर्षीय कार्कीले न्युलुक ‘मिस्टर नेपाल २०२३’ को उपाधि चिनेका छन् । पेशाले पाइलट कार्की १८ प्रतियोगीलाई पछि शिर्ष विजेता बनेका हुन् । युवाको प्रेरणाको श्रोत बन्ने उदेश्य सहित प्रतियोगितामा सहभागी भएका कार्कीले मिस्टर इन्टल्लेक्चुअलको उपाधि समेत हासिल गरे ।

प्रतियोगितामा शिर्ष विजेता कार्कीले नगद ५ लाख बराबरको उपहारको अलवा ‘मिस्टर वर्ल्ड २०२३’ वा ‘मिस्टर ग्लोवल २०२३’मा नेपालको प्रतिनिधित्व अवसर प्राप्त गरेका छन् ।

दरबारमार्ग स्थित होटल याक एण्ड यतिमा शनिबार अबेर साँझ एक भव्य समारोहकाबीच आयोजना भएको प्रतियोगितामा काठमाडौंका निमेश कपाली फष्टरनरअप, काभ्रेका क्रिशल श्रेष्ठ सेकेन्ड रनरअप, चितवनका डा.विजय दुवाडी थर्ड रहनरअफ र भक्तपुरका असिम लामिछाने फोर्थ रनरअप घोषित भए । रनरअप विजेता कपालीले बेष्ट पर्सनालीटी, श्रेष्ठले मोष्ट ट्यालेन्ट र जिन्सपार्क स्टाइल आइकन, दुवाडीले पब्लिक च्वाइस, लामिछानेले मोस्ट फोटोजेनिक उपाधि समेत हात परे ।

अभिनेत्री आँचल शर्मा, माल्भिका सुब्बा, डा. आयुष्मान घिमिरे, विश्व किरण जैन, लु लिन, मनिषा डंगोल, राजभाई सुवाल, शैलजा अधिकारी लगायत निर्णायक रहेको प्रतियोगितामा मोष्ट पपुलर रमननाथ गिरी, मिस्टर एक्टिभ र बेष्ट फिजिक प्रेम कुमार यादव, बेष्ट स्किन मिकाज कार्की, बेष्ट हेयर राजीव तिवारी र न्युलुक म्यान च्वाइस लोकेश प्रधानाङ्गाले हात परे ।

‘मिस्टर नेपाल’ पुरुष सहभागी हुने नेपालकै प्रतिष्ठित र ठूलो प्रतियोगिता हो । एक्सपोज नेपालले आयोजना गर्दै आएको यो प्रतियोगिता गत बर्षबाट नेक्स्ट मोडल्स नेपालले आयोजना गर्दै आएको छ ।

युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले आयोजना गरिएको प्रतियोगितामा पाइलट, डाक्टर, इन्जिनियर, चार्टर एकाउन्टेन्ट लगायत प्रतियोगीका रूपमा रहेको नेक्स्ट मोडल्स नेपालका सिइओ रवि धमलाले बताए ।


